# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।०८

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपालमा संघीयता लागू भइसकेपछि नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने व्यवस्था रहेको छ। संविधानले तीनवटै तहका सरकारको लागि छुट्टाछुट्टै आर्थिक कार्यप्रणालीको व्यवस्था समेत गरेको छ। यी तीनवटै तहका सरकारले आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थालाई सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा कसरी कार्यान्वयनमा ल्याएका छन् ? विश्लेषण गर्नुहोस्। यस सन्दर्भमा के कस्ता समस्याहरु देखापरेका छन् ? प्रष्ट पार्नुहोस्। 15

२. महालेखापरीक्षकको ६०औं प्रतिवेदन, २०७९ ले तीन तहका सरकारी निकायहरूको ७१ खर्ब ३४ अर्ब ७४ लाखको लेखापरीक्षण गरी १ खर्ब १९ अर्ब ७७ करोड ७० लाख बेरुजू औंल्याएको छ। कुल बेरुजु मध्ये २५.४ प्रतिशत असुलउपर गर्नुपर्ने, ६६.३ प्रतिशत नियमित गर्नुपर्ने र ८.३ प्रतिशत म्याद नाघेको पेश्की रहेको छ। वित्तीय सुशासनको परिसूचकमध्ये बेरुजु एक प्रमुख सूचक हो। आर्थिक कारोबार गर्दा कुनै त्रुटी, हिनामिना तथा मस्यौट नहोस् भनेर विभिन्न नीतिगत, कानूनी, संस्थागत तथा कार्यप्रणालीगत व्यवस्था गर्दै यी पक्षहरूमा निरन्तर सुधार हुँदै पनि आएको छ। तथापि माथि उल्लेख भए अनुसार आर्थिक कारोबारमा उल्लेख्य बेरुजु कायम हुनु, त्यसमा पनि बेरुजुको एक चौथाई असुलउपर गर्नुपर्ने प्रकृतिको हुनु, तीन चौथाई अनियमित प्रकृतिको हुनु गम्भीर आर्थिक अनुशासनहीनताको द्योतक हो।

उल्लिखित पृष्ठभूमिमा आर्थिक कारोबारमा यस्तो अवस्था आउनुलाई तपाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? यसका मूल कारणहरु के के हुन् ? विवेचना गर्नुहोस्। आर्थिक कारोबार गर्दा बेरुजू न्यून भन्दा न्यून अवस्थामा पुऱ्याउन हाल भइरहेका कानूनी व्यवस्था र कार्यप्रणालीमा के कस्तो सुधारको आवश्यकता रहेको छ ? सुझाब पेश गर्नुहोस्। 20

३. नेपालको अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६ अनुसार दातृ निकायहरूले वैदेशिक सहायताको परिचालनमा विकासका साझेदारहरूले अर्थ मन्त्रालयको स्वीकृति लिई समन्वय र साझेदारी गर्नुपर्ने प्रावधान रहेको छ। यस सम्बन्धमा वैदेशिक सहायता अन्तर्गत आयोजना व्यवस्थापनको सबै चरणमा संघीय अर्थ मन्त्रालयको राय परामर्श लिनुपर्ने व्यवस्था समेत रहेको छ। यसर्थ अन्तर्राष्ट्रिय विकास सहायता नीतिमा स्पष्ट व्यवस्था हुँदाहुँदै वैदेशिक सहायता परिचालनमा विभिन्न समस्याहरु देखा परेका छन्। ती समस्याहरु केलाउँदै उक्त समस्याको कारक तत्वहरु पहिल्याउनुहोस्। साथै, समस्या समाधानका लागि के कस्ता नीतिगत, प्रकृयागत र कानूनी उपायहरू अपनाउनुपर्ला ? व्यवहारिक सुझाब प्रस्तुत गर्नुहोस्। 5+5+10=20

४. नेपाल सरकारको लेखाको प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप बनाउनका लागि नेपाल सरकारले निर्णय गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards-NPSAS) कार्यान्वयनमा ल्याएको छ। उक्त लेखामान कार्यान्वयनमा आएको यतिका वर्ष वितिसक्दा समेत NPSAS को कार्यान्वयन प्रभावकारी रुपमा हुन सकेको छैन। वित्तीय प्रतिवेदन समयमा तयार नहुने, तयार भएको वित्तीय प्रतिवेदनसमेत पूर्ण नहुने, लेखापरीक्षण गर्ने निकायबाट समेत समयमै प्रमाणीकरण नहुने जस्ता अवस्था विद्यमान छन्।

नेपाल सार्वजनिक क्षेत्र लेखामान सबै तहका सरकारमा लागू गरी सो अनुरूपको वित्तीय प्रतिवेदन तयारी गर्दा देखिएका समस्याहरू औंल्याउँदै ती समस्याहरु समाधानका लागि सुझाब दिनुहोस्। साथै, सुझाब कार्यान्वयनका लागि कार्ययोजना समेत प्रस्तुत गर्नुहोस्।

5+8+7=20

५. नेपाल सरकारको आ.व. २०७८/७९ को शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन अनुसार नेपाल सरकारले विभिन्न १४८ वटा संस्थान तथा निकायहरूमा ३८६ अर्ब ७ करोड शेयर र ३९७ अर्ब ८० करोड ऋण गरी जम्मा ७८३ अर्ब ८७ करोड लगानी गरेको देखिन्छ। संस्थान तथा निकायहरुमा मात्र नभएर अन्तर्राष्ट्रिय संस्थाहरूमा पनि यस्तो लगानी गरेको देखिन्छ। मुलुकभित्र शेयर लगानी भएका ११२ निकायहरुमध्ये मोरङ सुगर मिल जस्ता कतिपय निकायहरु हाल अस्तित्वमा नै छैनन्। सरकारले राखेको अभिलेख र निकायहरुले वासलातमा देखाएको शेयर लगानीको रकम समेत फरक पर्ने गरेको छ। ऋण लगानीको स्थिति पनि त्यस्तै छ। नेशनल कम्प्युटर सेन्टर र जुट विकास व्यापार संस्थान जस्ता धेरै पुराना (हाल अस्थित्वमा नरहेका) निकायहरुबाट ठूलो मात्रामा पुराना ऋणसमेत असुल हुन बाँकी देखाइएको छ। वैदेशिक ऋण सहायता सम्झौता अनुसार संस्थानहरुमा गरिएको ऋण लगानीको हिसाब पनि वर्षौंदेखि मिलेको पाईदैन। शेयर तथा ऋण लगानीका अतिरिक्त विगतमा सरकारले दिएको जमानत पनि सरकारमाथि सम्भावित दायित्वका रुपमा रहेको अवस्था छ। कतिपय जमानत सम्बन्धित निकायहरुबाट दाबी भएकाले सरकारले तिरेको पनि छ। जमानतको अभिलेख व्यवस्थित नरहेकाले थप दाबी आउनसक्ने अनुमानलाई पनि नकार्न सक्ने स्थिति छैन।

यस अवस्थामा शेयर, ऋण र जमानतको हिसाबमा देखिएको समस्या एउटा दृष्टान्त मात्र हो। ठूलो समस्या त नीतिमा छ। सरकारले प्रत्येक वर्ष संस्थान र सार्वजनिक-निजी साझेदारी अवधारणामा स्थापित नयाँ निकायमा शेयर लगानी गर्दै आएको हुँदा संस्थाहरूमा प्रत्येक वर्ष ऋण लगानीको मात्रा थपिदैं गएको छ। तर, कुन आधार र शर्तमा कस्ता निकायलाई शेयर वा ऋण लगानी गर्ने भन्ने नीतिगत स्पष्टता छैन।

प्रस्तुत सन्दर्भमा शेयर तथा ऋण लगानी र जमानत सम्बन्धी नीतिमा के कस्ता विषयहरु समावेश हुनुपर्ला? समीक्षात्मक टिप्पणी गर्नुहोस्। नेपाल सरकारको शेयर, ऋण र जमानत सम्बन्धमा रहेका विद्यमान समस्याहरूको पहिचान गर्दै सरकारको दायित्वमा समेत कम हुने गरी सुधारका लागि प्रष्ट खाका तयार पार्नुहोस्।। 10+8+7=25

««« समाप्त »»»